# प्राक्कथन

मैले २०३१ सालमा पत्रकारिता सुरु गरेपछि पत्रपत्रिका र पत्रकारहरूसँग नजिकिनु स्वाभाविकै थियो । त्यसै क्रममा मोरङ जिल्लाको पत्रकारिताबारे पहिलोपटक २०३७।३८ तिर मैले एउटा लेख लेखेँ- 'पत्रकारिताका दृष्टिले मोरङ जिल्ला' । त्यो लेख *नवसंसार* पत्रिकामा २०३८ सालमै छापियो (प्रधान: २०३८) । त्यो लेख छापिएपछि नेपाली साहित्यका वरिष्ठ समालोचक एवं अनुसन्धाता कमल दीक्षितले *गोरखापत्र*मा 'प्रशंसनीय काम' शीर्षकमा सम्पादकलाई चिठी पठाएर सो प्रयासको प्रशंसा गर्नु भयो । २०३८ माघ ३ गते प्रकाशित सो 'सम्पादकलाई चिठी'मा उहाँले लेख्नु भयो:

> विराटनगरबाट प्रकाशित हुने द्वैमासिक *नवसंसार*को हालै प्रकाशित पूर्णाङ्क-६ मा श्री प्रमोद प्रधानको एउटा अनुसन्धानात्मक लेख छ- 'पत्रकारिताका दृष्टिले मोरङ जिल्ला' । तपाईंको सम्मानित पत्रमार्फत् म श्री प्रधान र *नवसंसार*लाई बधाइ ज्ञापन गर्छु । मदन पुरस्कार पुस्तकालयको 'मदनगौरव'ले गर्न नसकेको काम उहाँहरूले गर्नु भएको छ । एउटा जिल्लाको मात्र भए पनि यावत् पत्रपत्रिकाको साङ्गोपाङ्गो विवरण दिएर उहाँहरूले अरूहरूलाई पनि बाटो देखाइदिनु भएको छ । पर्सा, बाँके र कास्की जिल्ला तथा लुम्बिनी अञ्चलका जाँगरियाहरूले पनि यस्तै गरिदिए कति राम्रो हुने थियो (दीक्षित २०३८) ।

त्यसपछि २०४० सालतिर मैले मोरङको पत्रपत्रिकाको त्यसबेलासम्मको थप सूची तयार पारेँ र *हिडपा* पत्रिकामा त्यसैबेला छापेँ (प्रधान २०४०) । यसरी मोरङ जिल्लाका पत्रपत्रिका, बुलेटिन र स्मारिकाहरूको सूची तयार गर्ने काममा म २०३७ सालदेखि नै सक्रिय रहेँ ।

२०३५ सालमा राष्ट्रिय समाचार समिति प्रवेश गरेपछि त मेरो जीवन एकप्रकारले पत्रकारितामा नै समर्पित भयो । रुचिले मात्र नभै पेशाले पनि म पत्रकार भएँ र अहिलेसम्म निरन्तर पत्रकारितामा संलग्न छु । यसबीचमा बीचको करिब साढे छ वर्षबाहेकका सम्पूर्ण समय मोरङमै बिताउन पाएको हुनाले

पनि मोरङको पत्रकारितालाई अत्यन्त नजिकबाट नियाल्ने अवसर मलाई प्राप्त भएको हो । यिनै सन्दर्भहरूका बीच २०५८ सालको मङ्सिरतिर मार्टिन चौतारीले 'मोरङको पत्रपत्रिकाबारे एउटा विश्लेषणात्मक लेख' लेखिदिन मलाई आग्रह गऱ्यो। मैले तत्काल सो आग्रह स्वीकारिनँ। किनभने म मध्यपश्चिमाञ्चलको क्षेत्रीय कार्यालय, नेपालगञ्जमा कार्यरत थिएँ जहाँ बसेर मोरङेली पत्रकारिताको पछिल्ला तथ्यहरू र स्थितिबारे बुझ्न गाह्रो थियो । पछि मार्टिन चौतारीले पुनः सम्पर्क गरेपछि मैले मेरो सीमितता बताउँदै लेख तयार गर्ने वचन दिएँ । करिब एक महिनापछि तयार भएको सो लेख मार्टिन चौतारीद्वारा प्रकाशित *क्षेत्रीय मिडिया: विगत र वर्तमान* (प्रधान २०५८) पुस्तकमा सङ्गृहित छ।

त्यसैबेला मलाई मोरङको पत्रकारिताबारे विस्तृत अध्ययन र विश्लेषण गरेर पुस्तकै तयार गर्ने इच्छा जागेर आयो र मैले सो कुरा भास्कर गौतमसँग गरेँ । उहाँले एउटा प्रस्ताव पठाउनोस् भन्नु भयो र मैले नेपालगञ्जबाटै २०५८ पुस १३ मा प्रस्ताव पठाएँ । सो प्रस्तावलाई मार्टिन चौतारीले स्वीकारेर सहयोग गर्ने वचन दियो । यो पुस्तक त्यही प्रस्तावलाई सदाशयताका साथ मार्टिन चौतारीले स्वीकारेको परिणामस्वरूप तयार भएको हो ।

नेपाली पत्रकारिताको इतिहास लेखिँदा काठमाडौं उपत्यकाबाहिरको चर्चा त्यत्ति देखिन्न । इतिहास भनेको केही व्यक्तिको, समूहको र स्थानको मात्र हुनुहुँदैन । राष्ट्रको समग्र इतिहास लेखिने हो भने मोफसलको योगदानको सही मूल्याङ्कन र विश्लेषण गरिनुपर्छ भन्ने मेरो मान्यता छ । मोफसलको योगदानको उल्लेख बिना राष्ट्रको इतिहास लेखिन सक्तैन । त्यही मान्यताका कारण मैले *मोरङमा पत्रकारिताको अर्धशताब्दी* पुस्तक लेख्ने आँट र प्रयास गरेको हुँ । यस्तो प्रयास थाल्न ढिलो भइसकेको र कतैबाट पनि आशाका किरणहरू देखा नपरेको स्थितिमा कलम चलाउनु वास्तवमा आवश्यक थियो । पुराना पत्रपत्रिकाहरू नष्ट भैरहेको स्थितिमा जति ढिलो गऱ्यो, यथार्थ त्यत्ति नै टाढा हुँदैजाने स्थितिले गर्दा ढिलाई गर्नु उचित थिएन । त्यसैले आफूले २०३७ सालमा सङ्कलन गरेको सामग्री, २०४० सालमा सङ्कलन गरेको थप सामग्री र मार्टिन चौतारीले प्रस्ताव स्वीकारेपछि सङ्कलित सामग्रीलाई आधार बनाएर प्रस्तुत पुस्तक तयार गरिएको हो । पुस्तकमा पूर्वाग्रहबाट मुक्त रही यथार्थपरक ढङ्गले पत्रपत्रिकाहरूको विश्लेषण गरिएको छ । पत्रिकाका सकारात्मक र नकारात्मक दुबै पक्षको चर्चा गर्ने प्रयास गरिएको छ। तथापि केही पत्रिकाबारे छुट्टै चर्चा गर्ने इच्छा हुँदाहुँदै पनि सामग्रीको अनुपलब्धताका कारण सम्भव हुन नसकेकोमा क्षमायाचना गर्छु । धेरै पत्रकार साथीहरूका घर-घरमा गएर पत्रिका हेर्ने मेरो प्रयासमा सहयोग गरिदिने साथीहरूलाई धन्यवाद दिन चाहन्छु । तर कतिपय साथीहरूले आफूले सम्पादन गरेका पत्रिकाहरू आफैसँग नभएका कारण उपलब्ध गराउन सक्नु भएन । त्यस्ता

पत्रिकाहरूको चर्चा प्राप्त सामग्रीका आधारमा सामान्य रूपमा मात्र हुन सकेको छ ।

इतिहास लेख्नु अत्यन्त कठिन कार्य हो । इतिहासमा सबै व्यक्ति आफ्नो प्रशंसा मात्र चाहन्छन् । यस्तो स्थितिमा, त्यो पनि पत्रकारिता (सँगसँगै पत्रकारको पनि) क्षेत्रको इतिहास लेख्न खोज्नु वास्तवमा आफ्नै विरोधी तयार गर्नु हो भन्ने पनि मलाई थाहा छ । प्रशंसा मात्रै गर्नका लागि हो भने म यो क्षेत्रमा हात हाल्ने थिइनँ । त्यसैले पुस्तकमा आलोचना, कमीकमजोरी, विरोधाभाष र त्रुटिहरूबारे पनि प्रशस्त टीकाटिप्पणी गरिएको छ । पत्रिकामा छापिएका सामग्रीहरू नै मेरा विश्लेषणका आधार हुन् । कुनै पनि पत्रिका वा पत्रकारहरूप्रति पूर्वाग्रह राखेर यसमा अन्धप्रशंसा वा अन्ध गाली गरिएको छैन । पत्रकारिताको विश्लेषण गर्न सजिलो होस् भनेर समाचार पत्रकारिता तथा साहित्यिक र अन्य पत्रकारिता भनी विभाजन गरिएको छ र समाचार पत्रकारितालाई चार वर्गमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । साथै मोरङका समाचारदाता, बाल-भित्तेपत्रिका, मोरङका केही महत्त्वपूर्ण पत्रकारहरू र प्रसारण पत्रकारिताअन्तर्गत् विद्युतीय सञ्चार माध्यमबारे जानकारी दिनुका अतिरिक्त पत्रपत्रिकाहरूका पहिलो अङ्कको सम्पादकीय, पत्रपत्रिका, बुलेटिन र स्मारिकाहरूको सूची पनि पुस्तकमा समावेश गरिएको छ । यसबाट मोरङमा कहिले के कस्ता पत्रिका प्रकाशित भए भन्ने सूचना प्राप्त हुने छ । यसका अतिरिक्त पत्रकारिताको विकासमा भएका संस्थागत प्रयासलाई पनि यथासम्भव लिपिवद्ध गर्ने प्रयास गरिएको छ ।

अहिले यस पुस्तकको भूमिका लेख्न बस्दा दुई दशकअघि महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसस्थित क्षेत्रीय पुस्तकालयमा रहेका पुराना पत्रपत्रिकाहरू हेर्ने अवसर दिनु हुने तत्कालीन पुस्तकालय प्रमुख उत्तरा चटर्जीको सहयोगलाई मैले बिर्सेको छैन । उहाँको सो सहयोग नै यो पुस्तकको आधारभूमि हो । यस्तै चन्द्रगढी (झापा) स्थित झर्रो नेपाली घरमा भएका पत्रपत्रिका हेर्ने अवसर दिनु हुने श्रद्धेय साहित्यकार चूडामणि रेग्मी, स्नातकोत्तर क्याम्पस विराटनगरमा रहेका शोधपत्रहरू हेर्ने व्यवस्था मिलाई दिनुहुने सहायक क्याम्पस प्रमुख अनिलकुमार पोखरेल र थुप्रै पत्रपत्रिका, बुलेटिन र स्मारिकाहरूबारे जानकारी दिनु हुने साहित्यकार मित्र विवश पोखरेलप्रति म हार्दिक आभार व्यक्त गर्दछु । साथै मित्र तोया गौतमलगायत क्षेत्रीय सञ्चार स्रोत केन्द्रका कार्यक्रम अधिकृत वीरेन्द्र शर्मा र कम्प्युटर अधिकृत मोहनकृष्ण घिमिरेको सहयोग पनि मैले बिर्सेको छैन ।

पुस्तकको सारगर्भित भूमिका लेखिदिनु हुने नेपाली भाषा साहित्यका प्रकाण्ड विद्वान, श्रद्धेय गुरु बालकृष्ण पोखरेलप्रति म शिर झुकाएर आफ्नो हार्दिक श्रद्धा व्यक्त गर्छु । गुरुको यो भूमिकालाई मैले आशीर्वाद सम्झेको छु र यो आशीर्वादले भविष्यमा मलाई अझ बढी सिर्जनशील र अनुसन्धानशील बन्न प्रेरित गर्ने अनुभव गरेको छु ।

पुस्तकको पाण्डुलिपि पढी भएका त्रुटि एवं कमी-कमजोरीबारे लिखित जानकारी दिएर सहयोग दिनुहुने पत्रकार मित्र मोहन भण्डारीलाई पनि म धन्यवाद दिन्छु । यो पुस्तक तयारीको क्रममा महत्त्वपूर्ण प्राज्ञिक सहयोग प्रदान गर्ने मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्रका प्रत्यूष वन्त, भास्कर गौतम र शेखर पराजुलीप्रति म आभार व्यक्त गर्न चाहन्छु । पुस्तक प्रकाशनको लागि मार्टिन चौतारीलाई धेरै धन्यवाद छ ।

अन्त्यमा, यो पुस्तक २०६० सालको अन्तसम्ममा प्रकाशित पत्रपत्रिका, बुलेटिन र स्मारिकाहरूलाई आधार मानेर तयार गरिएको जानकारी गराउन चाहन्छु । तथ्यहरूलाई सकेसम्म शुद्ध बनाउने प्रयास हुँदाहुँदै पनि कहीँ कतै त्रुटि फेला परे भने त्यसका लागि क्षमा याचना गर्दै त्यसको सूचना दिनु भए आगामी संस्करणमा सुधार्ने वचनबद्धता प्रकट गर्छु । साथै, यो पुस्तक लेख्न सहयोग लिइएका पुस्तक, पत्रपत्रिका, कार्यपत्र, शोधपत्र र लेखहरूका लेखक एवं सम्पादकप्रति पनि आभार व्यक्त गर्दछु ।

**प्रमोद प्रधान**